**बचत गरौं, उद्यमशील बनौं**
- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं,
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपत्कालीन तथा ठूला खर्चहरू टार्न,
- व्यापार-व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मदत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक २० गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 05 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७०

## छठमा सामान किन्न वीरगंज बजारमा भीड बढ्यो

प्रस, वीरगंज, १९ कात्तिक/

दशैं र दीपावलीमा वीरगंजको बजार सुनसान भए पनि छठ पर्वमा भने भीड बढेको छ। भाइटीकाको दिनदेखि वीरगंजको बजारमा छठपूजा सामग्री खरीद गर्ने मानिसहरूको भीड बढेको छ।

खासगरी छठपूजामा नयाँ पहिरन खरीद गर्ने परम्परा भएकोले कपडा, जुत्तालगायत सामग्री किनमेल गर्नेहरूको भीड बढेको छ। घण्टाघरदेखि आदर्शनगरसम्मको बजार क्षेत्रमा नयाँ कपडा, जुत्ता खरीद गर्नेहरूको भीडले सवारी जाम हुँदै आएको छ। भारतको रक्सौलबाट पनि जिन्स कपडा खरीद गर्नेहरूको भीड वीरगंजमा बढेको छ।


वीरगंज ब्यारेकनजीकै रहेको कपडा बजार। तस्वीर:नितेश कर्ण


पोखरिया बजार

खासगरी वीरगंज ब्यारेकदेखि उत्तरतर्फ खुद्रा पसलमा जिन्स खरीद गर्न रक्सौल आसपासबाट मानिसहरू आएका छन् जसले गर्दा भीड बढेको छ। प्रत्येक वर्ष छठमा रक्सौल आसपासका मानिसहरूको जिन्स कपडा किनमेल वीरगंजबाट हुँदै आएको छ।

रक्सौलको तुलनामा जिन्स वीरगंजमा सस्तो हुने भएकोले उनीहरू किनमेल गर्न यहाँ आउने गरेका हुन्। दशैं, दीपावली र छठमा रक्सौल बजार वीरगंजको तुलना बढी नै भीडभाड भएर कारोबार भएको देखियो। खासगरी खाद्यान्न सामग्रीको किनमेलका लागि मानिसहरू रक्सौल जाने गरेका छन्। सशस्त्र प्रहरीले कपडालगायत सामग्री ल्याउन कडाइ गरेको तर खाद्यान्न सामग्रीमा भने रोक नलगाएको कारण वीरगंज आसपासका मानिस रक्सौल बजार पुग्ने गरेका हुन्।

शुरूदेखि नै वीरगंजको तुलनामा रक्सौल बजार सस्तो भएकोले यहाँका मानिसहरूको पहिलो आकर्षण रक्सौल बजार हुने गरेको छ। यसका साथै कलैया, जीतपुर, निजगढ, सिमरा, पथलैया, हेटौंडा, नारायणगढ, काठमाडौंलगायतबाट पनि पर्वको बेला मानिसहरू रक्सौल बजार पुग्ने गरेका छन्। त्यसैले दशैंदेखि छठसम्म रक्सौल बजारमा भीडभाड हुन्छ। पुरानै परम्परागत पसल र सडक फराकिलो नहुँदा रक्सौल बजारमा घण्टौं जाम लाग्ने र त्यहाँ गएर खरीद गरेर आउन समस्या भए पनि सस्तोको कारण मानिसहरू जान भने छाडेका छैनन्।


भारतको सिक्टाबजार। तस्वीरः सुग्रीव साह

प्रस, पोखरिया/

दशैं, दीपावलीसँगै छठमा पनि सीमावर्ती क्षेत्रका मानिसहरूको किनमेल भारतीय बजारमैं बढी केन्द्रित रहने गरेको छ।

छठपूजाको अवसरमा हुने किनमेलका लागि भारतीय सीमा क्षेत्रमा रहेका रक्सौल, भेलाही, इनर्वा, मैनाटाड, जमुनिया, नरकटियागंजलगायत क्षेत्रमा मानिसहरू किनमेलका लागि जाने गरका छन्। जसले गर्दा पर्साको ग्रामीण क्षेत्रमा रहेका बजारहरूमा उत्साहजनक कारोबार हुन सकेको छैन। दशैं, दीपावली र छठपूजालाई लक्षित गरेर व्यापारीहरूले लगानी गरी पसल भरे पनि यहाँका मानिसहरू सामान खरीद गर्न भारतीय बजार नै जाने गरेका कारण पोखरिया, भिस्वा, जानकीटोला, सुवर्णपुर, सेढवा, पचगावाँ, विन्ध्यवासिनी र पर्सागढीका बजारहरूमा किनमेल गर्नेहरूको सङ्ख्या बढ्न सकेको छैन।

## उद्योगी व्यवसायीको समस्या माथिल्लो निकायमा पुऱ्याउने- प्रजिअ

प्रस, परवानीपुर, १९ कात्तिक/

वीरगंज उद्योग वाणिज्य सङ्घले पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको स्वागत गरेको छ। सोमवार सङ्घको सभाहलमा आयोजित कार्यक्रममा पुष्पगुच्छाका साथ स्वागत गरिएको हो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथिसमेत रहेका प्रजिअ अर्यालले उद्योगी व्यवसायीको समस्यालाई माथिल्लो निकायमा पुऱ्याउने बताए। उनले अवैधानिक र गलत गर्ने जोकसैलाई प्रहरी प्रशासनले कानून बमोजिम कारबाई गर्ने बताए। निजी क्षेत्रविना देश विकास हुन सक्दैन र सरकारले राजस्व सङ्कलनको लक्ष्य पनि नभेट्टाउने भएकोले व्यवसायीको वास्तविक पीडा सम्बोधन गराउन हरेक प्रयास गर्ने बताए।

उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ताले सरकारी नीतिकै कारण अहिले देशमा उद्योग व्यवसाय सङ्कटमा परेको बताए। उनले सरकारले नीतिगत निर्णय झन्झटिलो पार्दा उद्योगी व्यवसायीले समस्या भोग्नुपरेको बताए।

नेपाल चामल तेल दाल सङ्घका पूर्व केन्द्रीय अध्यक्ष र वीउवासङ्घका



तस्वीरः प्रतीक

पूर्वअध्यक्षसमेत रहेका सुबोध गुप्ताले आगामी दिनमा सरकारले दिगो नीति बनाएर अगाडि बढ्न सुझाव दिएका थिए भने उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले प्रशासन र व्यवसायीको सम्बन्ध सुमधुर हुनुपर्ने बताए। उनले एक आपसमा मिलेर काम गर्न जोड दिए। साथै प्रहरी प्रशासनको डर त्रासको कारण व्यवसायीमा कहिलेकाहीं त्रास बढ्ने गरेको र सम्बन्ध पनि बिग्रिने भएकोले यसतर्फ सुरक्षा अधिकारीहरू गम्भीर हुनुपर्ने बताए।

कार्यक्रममा वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले देशमा सुशासन र भ्रष्टाचार न्यूनीकरण गरे सबै स्वतः ठीक हुने बताए। वीउवासङ्घका अध्यक्ष अनिल अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष माधव राजपाल, मनोज दास, कोषाध्यक्ष शिवजी कलवार, पूर्वअध्यक्षहरू अशोक बैदलगायतको सहभागिता थियो।

## जग्गासम्बन्धमा दाजुभाइबीच झडप, १० जना घाइते

प्रस, वीरगंज, १९ कात्तिक/

पकाहामैनपुर गाउँपालिका-२ मा सोमवार दुई पक्षबीच झडप हुँदा १० जना घाइते भएका छन्। दाजुभाइ धर्मजित महतो र किशोरी महतो पक्षबीच जग्गा सम्बन्धी विवाद हुँदा दुवैपक्षका १० जना घाइते भएका जिल्ला प्रहरी कार्यालय, पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए।

दुवै दाजुभाईबीच २०७७ सालदेखि ३७ धुर जग्गाको विषयमा विवाद रहेको थियो र अदालतमा परेको मुद्दामा किशोरी महतो कोइरीको पक्षमा ७५१५ वर्गमिटर जग्गा भोग गर्न भनिएको थियो। अदालतको आदेश अनुसार एक पक्षले नापनक्शा गरेर भोग गर्न भनेको तर अर्को पक्षले जोरजबरस्ती गर्दा आज झडप भएको प्रवक्ता भारतीले बताए।

किशोरी महतो पक्षले बढी रहेको जग्गा भोगचलन गर्दा धर्मजित महतो पक्षले नापनक्शा गरेर मात्रै काम गर्न भनेको र सोही क्रममा जबरजस्ती भोग गर्न खोज्दा विवाद भएर झडप भएको थियो।

झडपमा धर्मजित महतो, सुशीला देवी, रामवती देवी, रमेश कुशवाहा, महन्थ महतो कोइरीलगायत घाइते भएका छन् भने किशोरी महतो पक्षका राधेश्याम, अमीर मेहता, अनिल कुशवाहा, उमेश कुशवाहा, बृजेश कुशवाहालगायत घाइते भएका प्रहरीले जनाएको छ।



## टाटासुमो दुर्घटना बालकको मृत्यु, आठजना घाइते

प्रस, परवानीपुर, १९ कात्तिक/

काठमाडौंबाट वीरगंज आउँदै गरेको टाटासुमो सोमवार बिहान बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-१० नितनपुरमा दुर्घटना हुँदा एकजना बालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बिहान ४:३० बजे ना.१ ज ४४२८ नं.को टाटासुमो अनियन्त्रित भई दुर्घटना भएको र सोमा सवार भारत, रक्सौलका चार वर्षीय अनमोलकुमार साहको मृत्यु भएको बताए। उनले टाटासुमोमा सवार आठजना घाइते भएका र उनीहरूलाई उपचारको लागि वीरगंजस्थित वयोधा अस्पताल पठाइएको बताए। सवारी साधन र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## नगवा पोखरीको अधूरो निर्माण सम्पन्न गर्न निर्देशन

प्रस, वीरगंज, १९ कात्तिक/

खानेपानीमन्त्री प्रदीप यादवले वीरगंज महानगरपालिका-१६ स्थित नगवा पोखरीको अधूरो निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिएका छन्।

सोमवार पोखरीको स्थलगत निरीक्षण गर्दै उनले सरसफाइ, सौन्दर्यीकरण र अधूरा संरचनाहरूको निर्माण कार्य चाँडो सम्पन्न गर्न निर्देशन दिएका हुन्।

मन्त्री यादवले पोखरीलाई व्यवस्थित, आकर्षक र सुरक्षित बनाउन वीरगंज महानगरपालिकाका कर्मचारीहरूलाई एकजुट भएर काम गर्न निर्देशन दिए।

नगरप्रमुख राजेशमान सिंहले महानगरपालिकाले छठ पर्वका लागि आवश्यक सबै तयारीहरू गरेको बताए। उनले महापर्व छठ मधेस प्रदेशको धार्मिक र सांस्कृतिक धरोहर रहेको बताउँदै यसले धार्मिक, सांस्कृतिक, र सामाजिक सद्भाव थप प्रगाढ बनाउने बताए।

उनले नगवा पोखरीसँगै अन्य छठ घाटहरूको सरसफाइ, सुरक्षा र अन्य व्यवस्थापन कार्य समयमैं पूरा गर्न महानगरपालिकाको सक्रियता रहेको


तस्वीरः सौजन्य

बताए।

अनुगमनपछि जनता समाजवादी पार्टी वीरगंज महानगरपालिका वडा नम्बर २९ एकाइ कमिटीद्वारा आयोजित शुभकामना आदानप्रदानमा बोल्दै मन्त्री यादवले चाडपर्वहरूले भाइचारा, सद्भाव र सामाजिक एकताको भावना बलियो बनाउने बताए। उनले चाडपर्व हाम्रो सांस्कृतिक परम्परा र आपसी सद्भावको प्रतीक रहेकोले यसले समुदायलाई एकजुट बनाउँदै समाजमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुऱ्याउने बताए। कार्यक्रममा जसपाका नेता, कार्यकर्तालगायतको सहभागिता थियो।

## छठ पर्वको अवसरमा ४८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १९ कात्तिक/

छठपूजाको अवसरमा घडिअर्वा स्पोर्ट्स क्लबले सोमवार आयोजना गरेको रक्तदान कार्यक्रममा पाँच महिलासहित ४८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताएका छन्।

कार्यक्रममा अमृता मल्लिक, खुशी मराठा, कुसुम मल्लिक, गायत्री कुमारी, नेहा ठाकुर, सरोजकुमार कानू, किशोरी साह कानू, सन्तोषकुमार साह, लखन गुप्ता, जितेन्द्र सिंह, घनश्यामप्रसाद साह, प्रमोद यादवलगायतले रक्तदान गरेका थिए।

कार्यक्रममा क्रान्ति साह, कन्हैया पटेल, अभिलाष गुप्ता, जितेन्द्र कुशवाहा, नितेश यादवलगायतले प्राविधिक सहयोग पुऱ्याएका थिए।

रक्तदान कार्यक्रमको उद्घाटन


तस्वीरः सौजन्य

नगरप्रमुख राजेशमान सिंहले गरेका थिए। उनले छठपूजाको अवसरमा सबैलाई बधाइ दिँदै शान्ति र सौहार्दपूर्ण तरीकाले पूजा सम्पन्न गर्न आग्रह गरे। उनले रगत अभाव भएको बेला रक्तदान गर्न सुझाए।

कार्यक्रममा क्लबका अध्यक्ष सन्तोषकुमार साह, वडाध्यक्ष सुशील कुमार साह, प्रदीपकुमार गुप्तालगायतको सहभागिता थियो।

## विचारसार र सुक्तिहरू

दुई कुरा अनन्त बुझिन्छन्, ब्रह्माण्ड र मानवीय मूर्खता; ब्रह्माण्डबारे भने निश्चित भन्न सकिन्न ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# लापरवाहीको परिणाम

**बारा जिल्लाको जीतपुरसिमरास्थित रामवन मुहान रहेको श्रीसिया नदी वीरगंज महानगरपालिका–३२ परवानीपुरस्थित सिद्धि टेक्सटाइल्सदेखि प्रदूषित हुँदै आएको देखिन्छ । सिद्धि टेक्सटाइल्स अघिको श्रीसिया नदी अहिलेसम्म पनि निश्चल, सफा बगिरहेको छ । सिद्धि टेक्सटाइल्सपछि विभिन्न उद्योगहरूले प्रदूषित पानी बगाउनाले श्रीसिया थप प्रदूषित पारेको छ । जीतपुरसिमरा, परवानीपुर र वीरगंज महानगरपालिकामा नदीसँग जोडिएका २८ उद्योगहरूबाट श्रीसिया नदी प्रदूषित भएको महानगरको पछिल्लो स्थलगत अध्ययन प्रतिवेदनबाट देखिएको कुरा हो । तीनवटा पालिकामा रहेका ६३ वटा उद्योगले श्रीसिया नदी प्रदूषित पार्ने कार्य गरेको महानगरपालिकाको वातावरण महाशाखाले तयार गरेको शुरुको सर्वेमा देखिएको तथ्याङ्क हो । अहिले सो महाशाखाले गरेको पछिल्लो अनुगमनहरूमा भने जीतपुरसिमरा, परवानीपुर गापामातहतमा २० र वीरगंज महानगरपालिका मातहतका आठ उद्योग प्रत्यक्षरूपमा श्रीसिया नदीलाई प्रदूषित पार्ने कार्यमा संलग्न देखिएका छन् ।**

**श्रीसिया नदीको इतिहास हेर्दा चार दशक अघिसम्म स्वच्छ थियो । मानिसहरू लुगा धुने, भाडा माझ्ने, नुहाउने, खोला आसपासका बस्तीका केही मानिस सोही खोलाको पानी पिउने, वस्तुहरूको लागि पनि नुहाउने थलो थियो भने उत्तिखेर श्रीसियामा जलचरहरू पनि हुने गर्थे । पुरुषहरू जनै पूर्णिमा र महिलाहरू श्रीपञ्चमीलगायत पर्वहरूमा श्रीसिया नदीमा पूजापाठलगायत कार्यहरू गर्दै आएका थिए । नदी प्रदूषणको शिकार हुँदै गएपछि अहिले तीन दशकदेखि छठपूजा मात्र गरिन्छ त्यो पनि सकसपूर्ण तरीकाले । श्रीसिया नदीको पानी प्रदूषित भएपछि अहिले सिंचाइका लागि पनि पानीको प्रयोग हुन छाडेको छ । अति दुर्गन्धित अवस्थामा श्रीसिया नदी पुगेपछि त्यसको प्रयोग आम मानिसहरूको दैनिकीबाट टाढिएर अहिले उद्योगहरूको रसायनयुक्त पानी विसर्जन गर्ने थलो बनेको छ । श्रीसिया नदीमा प्रदूषणजन्य गतिविधि नियन्त्रणका लागि बचाउ अभियान सञ्चालन भएको पनि लामै समय भयो । विभिन्न सङ्घसंस्थाहरूले नदीको पानी शुद्धीकरण गर्न अध्ययन अनुसन्धान र सुझावसहितको प्रतिवेदनहरू बुझाउँदै आएका छन् । तर पनि श्रीसिया प्रदूषणमुक्त हुन सकेको भने छैन । आधा दशक अघि श्रीसिया नदीको किनारा वीरगंज महानगरपालिका कार्यालयको लागि अघोषित डम्पिङ साइट बनेको थियो ।**

**व्यवस्थित डम्पिङ साइट निर्माणपूर्व महानगरका फोहरहरू श्रीसियाको किनारामा विसर्जन गरिन्थ्यो । डम्पिङ साइट बनेपछि अहिले श्रीसिया यो वेदनाबाट मुक्त भएको छ । अन्तर्राष्ट्रिय नियमको बर्खिलाप सो काम भएकोले रक्सौलमा श्रीसिया नदी बचाऊ आन्दोलन अन्तर्गत धर्ना, प्रदर्शन, ज्ञापन दिनेजस्ता कार्यहरू पनि भए उति बेला । सारांशमा श्रीसिया नदी प्रदूषणमुक्त गर्नका लागि उद्योगीहरूले मात्र इमानदारी देखाउन जरुरी छ । सरकारले उद्योगीहरूलाई तह लगाउन नसकेको अवस्थामा श्रीसिया नदी प्रदूषणको नाममा मन्त्रालय र विभागको लागि कमाइखाने भाँडो बनेको छ । उद्योग स्थापनाकै क्रममा पानी प्रशोधन केन्द्र जडान गर्नुपर्ने प्रावधान छ । रसायनयुक्त पानी विसर्जन गर्ने उद्योगहरूले मात्र पानी प्रशोधन केन्द्र स्थापना गरेर श्रीसियामा फाल्ने गर्दा समस्या समाधान हुन्छ । अनिवार्यरूपमा गरिनुपर्ने यो काम अहिलेसम्म नगरिंदा समस्या देखिएको हो । द्रव्यलोलुप उद्योगीहरूले आफ्नो मात्र लाभ हेर्ने र अरुलाई प्रदूषणबाट त्रस्त पार्ने बन्द हुनुपर्छ ।**

# चर्चा इमानदारिताको

स्वतन्त्र विचार



विनोद गुप्ता

**हाम्रो अर्थतन्त्रको आकार नै करीब ६५ खर्बको छ जसमध्ये ५४–५५ खर्बको व्यापार धन्दा करीब सय परिवारको हातमा छ । व्यापार यिनकै, उद्योग यिनकै, बीमा यिनकै र बैंकहरू समेत यिनकै हातमा भएकोले आर्थिक शक्ति यिनकै हातमा पर्न गएको छ ।**

केही दिन अगाडि सामाजिक सञ्जालमा प्रसारित एक कार्यक्रममा एक विदुषी महिलाले एउटा प्रश्नको उत्तर दिने क्रममा नेपाली समाचारपत्रहरूमा जुन प्रकारका खबरको बाहुल्य पाइन्छ त्यस्तो अन्य देशमा नपाइने र यसै आधारमा नेपालमा इमानदारिताको कमी भएको उल्लेख गरेको सुनेर मन साह्रै व्यथित भयो । हुनत उनको भनाइमा वजन छ । दक्षिण एशियामा भ्रष्टाचारमा प्रथम स्थान प्राप्त गर्नुका साथै वाइडबडी, सुनकाण्ड, ओमनी, गोदावरी, भूटानी शरणार्थी, ललिता निवास र अब आएर सहकारीकाण्डको पृष्ठभूमिमा उनको भनाइको निरादर गर्न अप्ठेरो पर्छ तर त्यही सत्य हो भनेर मान्न मन लागेन । यस्तैमा एउटा अर्को प्रसारण सम्भवत: टिकटक होला, हेर्ने मौका पाइयो, जसमा धनाढ्य जति अमेरिका र बेलायत, मध्यम वर्गीय क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्ड र गरीबहरू खाडी र भारतमा रोजगारको खोजीमा रहेकाले देश अब बच्चा र बूढाहरूको काँधमा रहेको सन्देश थियो । यो प्रसारण हेरेपछि मन अलि स्थिर र चित्त शान्त भयो अनि वास्तविकता केलाउन लाग्दा राष्ट्रिय जनगणना २०७८ ले नेपालभरिमा ४.५ लाख घर रित्तो फेला पारेको सम्झना भयो । साथै १०+२ पछि उच्च अध्ययन गर्ने संस्थाहरूमा विद्यार्थीहरूको घट्दो भर्नादरको सम्झना आयो । अध्यागमन विभागको तथ्याङ्कले पनि सन् २०२३ मा करीब १६ लाख युवा विदेशिएका र तीमध्ये करीब ७५ प्रतिशत अदक्ष जनशक्तिको रूपमा बाहिरिएको सम्झिन पुगें । यस कारणले देशको रेमिटयान्सको आम्दानी ह्वात्तै बढेको हामी सबैले देखेसुनेकै हौं तर रेमिटयान्स प्राप्त गर्ने धरधुरीको खर्च हेर्दा बचत भने एक प्रतिशतभन्दा बढी भएको पाइँदैन । यस अवस्थामा जब देशको युवा वर्ग आफ्नो क्षमता अनुसार वैदेशिक रोजगारमा गएर आफ्नो परिवारको पेट पाल्न बाध्य छ, देशमा इमानदारिताको कमी छ भनेर समग्र देशवासीलाई मुछ्नु न्यायसङ्गत लागेन ।

माथि उल्लिखित काण्डहरूमा संलग्नहरू नेपाली नै होलान् तर सबै नेपाली होलान् भन्ने भनाइ तर्कसङ्गत लाग्दैन । यस सन्दर्भमा एउटा तातो उदाहरण खोज्दा सहकारीभन्दा राम्रो भेटिँदैन । गणतन्त्र र समाजवादको एउटा स्तम्भ मानिएको सहकारीमा पैसा हुने र नहुने अर्थात् न्यून आय भएका चिया र तरकारी बेच्नेहरूले समेत अत्यन्त दु:खले बचत गरेको रकम सहकारीमा दुई पैसा बढी ब्याज पाउने आशामा जम्मा गरे र आज आफ्नै उपचारको लागि जम्मा गरेको रकम नपाएर मृत्यु वरण गर्न बाध्य भएका छन् । अब यसमा रकम जम्मा गर्नेको इमानदारिताको कमी भन्ने कि सञ्चालकहरूलाई दोष दिने ?

यस सम्बन्धमा अध्ययन गर्न एउटा संसदीय छानबीन समिति गठन भयो जसको प्रतिवेदनपश्चात् रास्वपाका सभापति रवि लामिछाने अदालतको आदेशबाट अनुसन्धानका लागि हिरासतमा परे । उनको पक्षमा वा भनौ उनलाई छुटाउन दबाब दिन काठमाडौं र पोखरामा ठूल्ठूला प्रदर्शनहरू भए । यहाँ स्मरणीय के छ भने छानबीन भइरहेको अवधिमा रवि लामिछाने ग्यालेक्सी टेलिभिजनका सञ्चालक र प्रबन्धक थिए, रास्वपाका सभापति थिएनन् । त्यस बेलाको अनुसन्धान भएर मुद्दा दायर भएर अभियोग साबित भएमा राजस्वपा, रविजीसँगै सति जाने कि नजाने ? कि अदालतको आदेशै नमानेर सडक प्रदर्शन गर्ने ? तर निर्दोष साबित भएर निस्केपछि रवि र रास्वपा दुवैको महिमा बढ्छ कि घट्छ ? भूटानी शरणार्थी प्रकरणमा एमाले र नेकाका बहालवाला मन्त्री र पदाधिकारी नै जेल परे । तर दुवैमध्ये कुनै दलले भित्रभित्रै प्रयास गरेको भए पनि कानून र व्यवस्था नै बिगार्नेगरी कुनै प्रदर्शन गरेनन् । त्यस काण्डमा उनीहरूको सहभागिता प्रमाणित नभएसम्म सार्वजनिक प्रतिरक्षा नैतिकताको आधारमा आफूलाई नै प्रत्युत्पादक हुन सक्ने भएर त्यसो गरिएको हुनुपर्छ ।

नेपालका गरीबहरू कि त खाडी वा भारतमा छन्, कि नेपालमा सहकारीको चङ्गुलमा फसेका छन् । भ्रष्टाचार वा बेइमानी गर्ने यिनीहरूको हैसियत र बल नै छैन । देशभित्र रहेको सहकारी समूह मात्रै पनि सडकमा ओर्लियो भने देशमा विधि व्यवस्था लरबराउने निश्चित छ र झन् त्यसमा बाहिर रोजगार गर्नेहरूले समर्थन गरे भने देशभित्र भयावह स्थिति उत्पन्न हुन सक्छ । त्यसो भए अब इमानदारिता नभएको नेपालीको सङ्ख्या सङ्कुचित भएर सानो घेराभित्र पर्न आउँछ, जसमा धनाढ्य, नवधनाढ्य र राज्य सत्ता सञ्चालन गर्नेहरू पर्न आउँछन् ।

हाम्रो अर्थतन्त्रको आकार नै करीब ६५ खर्बको छ जसमध्ये ५४–५५ खर्बको व्यापार धन्दा करीब सय परिवारको हातमा छ । व्यापार यिनकै, उद्योग यिनकै, बीमा यिनकै र बैंकहरू समेत यिनकै हातमा भएकोले आर्थिक शक्ति यिनकै हातमा पर्न गएको छ । प्रजातन्त्रको बहालीपछिको माओवादी द्वन्द्व, संविधानसभाको दुईपटकको निर्वाचनले थला परेको अर्थतन्त्र सुदृढ गर्नुको सट्टा गर्भदेखि चिहानसम्मको नारा दिने प्रमुख दल नेका र पानी जहाज, रेल र घरघरमा ग्याँस पुर्‍याउने वाचा गर्ने अर्को प्रमुख दल एमालेकै हालीमुहाली भए पनि सत्ताको हानथापमा रमेकाले देशको अर्थतन्त्र गतिशील नभएको हो । सत्तामा बसिरहन यी दलका नेताहरूले बनाएको किचेन क्याबिनेट जसमा ठूला घराना वा दलालहरूको बाहुल्य छ, कै भनाइ र लयमा सञ्चालित हुनुले देशले आज यो दुर्दिन देख्नु र भोग्नुपरेको छ ।

प्रजातन्त्र स्थापनाको ३५ वर्ष बितिसक्दा पनि औसतमा आर्थिक वृद्धिदर ४.५ प्रतिशतभन्दा माथि नहुनु र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान चार प्रतिशतमा झर्नुले पनि पुष्टि गर्छ कि विकास परियोजना र उद्योगलाई दोस्रो वरियतामा राखेर व्यापार केन्द्रित वा अझ भनौं आयात केन्द्रित भएको छ । बढ्दो रेमिट्यान्सले आयात धान्न भ्याउने भएकोले त्यसबाट नै कर उठाउँदै सरकार चलाउने रणनीति सरकारको छ भन्ने कुरा भन्सार विभागको अर्धवार्षिक समीक्षामा पूँजीगत वस्तुको आयात ६ प्रतिशत र तयारी, प्रशोधित र अर्ध तयारी वस्तुको आयात ८५–८६ प्रतिशत रहेकोबाट प्रस्ट हुन्छ । शक्ति, राज्यसत्ता अर्थात् राजनैतिक दलहरूको हातमा हुने भएकोले आफ्नो कर्तव्यप्रति इमानदारिता र बेइमानीको जिम्मेवार पनि यिनीहरू नै हुनुपर्दछ, आम नेपाली जनतालाई दोष लगाउन मिल्दैन ।

जबसम्म आन्तरिक अर्थतन्त्रमा सुधार आउँदैन, हाम्रो मगन्तेको छविमा सुधार सम्भव छैन । भारतले यसपालि प्रम ओलीलाई भ्रमणको निम्तो नै दिएन, अहिले विस्फोट सामग्रीको आयातमा अवरोध गरेको छ । कहिले चिया त कहिले अलैची र अदुवाको निर्यातमा बाधा पुर्‍याउँछ । कमोवेश त्यही अवस्था चीनको छ । उसले एमसिसीको सट्टा बिआरआईलाई प्राथमितामा राख्न कुनै न कुनै प्रकारले दबाब दिंदै आएको छ । यी सबैको कारण हाम्रो निर्बलता हो । न त हामी बहुस्तरीय कूटनीतिमा सफल छौं न बजार खोज्नमा नै । हाम्रो दुर्दशाको कारण यही हो र यसका लागि जिम्मेवार हाम्रा नेताहरू नै हुन् भन्नु अनुपयुक्त नहोला ।

# छठ पर्व मनाउन सरसापट खोज्नुपर्दैन

महोत्तरी, १९ कात्तिक/रासस

मिथिलावासीले दीपावली पर्व आइतवार भैयादुज मनाएसँगै सम्पन्न गरेका छन् । दीपावली सकिएलगत्तै अब मङ्गलवारदेखि नै पर्व छठ शुरू हुँदैछ । मिथिलामा दीपावली र छठसहितका पर्व श्रमजीवीका लागि पर्खाइका दिन हुन्छन् । यी पर्वमा थप आर्जनको अवसरले गरीब किसान र श्रमिक मजदूर र यिनका परिवारमा खुशी थपिने गरेको छ ।

पर्वमा थोरै जग्गा भएका किसानका घर करेसामैं उत्पादित फसलले राम्रो बजार पाउँछ । करेसाबारीमा फुलेका फूल, दुई/चार झाङ केरा, केही अदुवा, बेसार, बोट ज्यामिर र थोरथार हुर्केका मूलाबाटै पनि यी पर्वमा राम्रो कमाइ हुन्छ । दीपावलीमा पनि यी उत्पादन राम्रै मूल्यमा बिक्छन् । छठका लागि त यी अनिवार्य सामग्री नै हुँदा झन् राम्रो मूल्य पाउने किसानले आस सँगालेका हुन्छन् ।

दीपावली पर्वको गोधन तथा गोवर्द्धन पूजाका दिन घरपालुवा पशुवस्तु (गाई, गोरु, बाछाबाछी) लाई दाम्लो फेराउने चलनले यसबेला दाम्लो, गर्दामी (पशुको गलामा लगाउने कलात्मक डोरी) बनाउने सीप भएका गरीब श्रमिकले राम्रो आर्जन गरेका छन् । गरीब किसानका उत्पादनले महत्त्व पाउने र श्रमजीवीले पर्वविशेषसँग जोडिएका थप काम पाउने भएपछि यी पर्व आर्जनका लागि खास अवसर बन्ने गरेका हुन् ।

“यसपालि गर्दामी, दाम्लो र राइस (पशुवस्तु डोर्‍याउन प्रयोग गरिने डोरी) बेचेर आठ/१० हजार हात पर्‍यो”–पाटका सुत्री बाटेर यस्ता सामग्री बनाउन सिपालु भङ्गाहा–४ रामनगरका ५५ वर्षीय छेदी महतो भन्छन्–“यो कमाइले छठ मनाउन कहीं सरसापट खोज्नु नपर्ला ।” गोधन पर्वलक्षित यी सामग्री अन्यबेला भन्दा अलि कलात्मक बनाइने हुँदा मूल्य पनि राम्रो पाइने उनको भनाइ छ ।

यस्तै, दीपावली पर्वकै लक्ष्मीपूजाका दिन घर करेसाबारीमा केही झाङ केरा लगाएका गरीब किसानले थाम बेचेर केही आम्दानी गरेका छन् । यसैगरी, केराका घरीले पनि छठमा राम्रो मूल्य पाउँछन् । मिथिलामा लक्ष्मीपूजा र छठ पर्वमा स्वागतद्वार बनाउन केराका थाम प्रयोग गरिने चलन र दुवै पर्वमा केरा फल चढाइने हुँदा केराखेतीका किसानका लागि यी पर्व आर्जनको अवसर बन्दै आएको हो । अझ छठमा त केराका घरी नै चढाइने चलनले पर्वविशेषमा यसको बिक्री निकै बढ्ने गरेको छ । यसैगरी, किसानका घर करेसाबारीमा लगाइएका फूल, उखु, अदुवा, बेसार, भोगटे र ज्यामिरलगायत उत्पादनले यी चाडपर्वमा राम्रो मूल्य पाउँछन् । छठमा यी कृषि उत्पादन चढाइने अनिवार्य पूजा सामग्री हुन् ।

यसैगरी, दैनिक जीवनमा अरू बेला अब प्रयोग गर्न छाडिएका बाँसका डाला, छिटी, नाङ्ला, चाल्नु र अन्य चोयाबाट बन्ने सामग्री र माटाका भाँडा कलश राख्ने गाग्रो, दही जमाउने छ्याँची, प्रसाद सामग्री राख्ने तौला र दियो बाल्ने दियौरी (पाला) दीपावली र छठ पर्वका खास सामग्री बेचेर डोम, बिन र कुम्हाल समुदायका श्रमजीवीले आर्जन गर्छन् ।

यी सामग्री दीपावली र छठ दुवैमा प्रयोग गरिन्छ । केही दशक अघिसम्म दैनिक प्रयोजनमा प्रयोग गरिने यी सामानको ठाउँ अब प्लास्टिक र सिल्भरका भाँडाकुँडाले लिएपछि पछिल्ला दिनहरूमा यी सामान पर्वविशेषका सामग्री मात्र बनेका छन् । यसैले बाँसको चोया र कप्टेराका सामग्री बुन्ने डोम र बिन एवं माटाका भाँडा बनाउने कुम्हाल जाति समुदायको यी पर्वमा निकै व्यस्तता बढ्ने गरेको छ । दुवै पर्वको आर्जनले आफ्नो चाडबाड मनाएर वर्षभरिको नगद जोहो गर्नुपर्ने हुँदा अहिले आफ्नो सीपको खास अवसर भएको यी जाति समुदायका मानिस बताउँछन् । यो बेला घर रङरोगन गर्ने सीपका कामदारको पनि माग ह्वात्तै बढ्ने गरेको छ ।

“यसपालि दियाबाती (दीपावली) मा दियौरी, घैंटा, ढकना र तौलासहितका सामान बेचेर आफ्नो घरको दीपावली र छठ खर्चको जोहो भएको छ, अब छठका लागि बिक्री हुने रकम अन्य बेलाको नगद खर्चका लागि साँचिन्छ”–महोत्तरीको औरही–४ का महेश पडित कुम्हालले भन्छन् । यसैगरी, बिन र डोम (मरिक) समुदायले पनि नगद खर्चको जोहो यी पर्वबाट हुने गरेको बताएका छन् ।

अहिले दीपावलीका लागि सामग्री बेचेका श्रमिक अब छठका सामग्री बेच्ने तयारीमा छन् । यस भेगमा अहिले पर्वमा माग हुने कृषि उपज र बनाइने अन्य सामग्रीबारे सोधखोज र चासो बढेको छ । पर्वका सामग्री किन्ने उपभोक्ताले यस्ता सामग्री खोज्ने, किन्ने र दामकाम पक्कापक्की गर्न थालेका देखिंदै छ । यसपालि दशैं अघिको बेमौसमी वर्षाले धानबाली र अन्य तरकारीबाली निकै क्षति गरेपछि पिरोलिएका किसान अहिले पर्वविशेषमा महत्त्व पाउने आफ्ना कृषि उपज (अदुवा, उखु, ज्यामिर, केराआदि) बेचेर छठ पर्व टार्ने धुनमा देखिएका छन् ।

“आफ्नो त खासै जग्गा छैन हजूर, घर छेउको करेसाबारीमा थोरै अदुवा सपारेकी छु, एउटा बोट ज्यामिर लटरम्म फलेको छ”–बर्दिवास–९ पशुपतिनगरकी शैल महतो भन्छिन्–“छठमा यिनै उपज बेचेर आफ्नो पर्व खर्च जुट्ने विश्वासमा छु ।” करेसावारीको दुई/तीन धुर जग्गामा उखु पनि रहेको र पर्वमा उखुका लाँक्रा बिक्ने गरेको हुँदा छठ सहजै टर्ने उनको विश्वास छ ।

हिन्दू वैदिक परम्पराका दिवाली र छठ पर्व कृषिसँग अभिन्नरूपले जोडिएका यस भेगका पाकाहरू बताउँछन् । मुख्य खेती (अन्नबाली) लगाउने समय सकिएको र नयाँ बाली (धान) भित्र्याउने समय अघि पर्ने यी पर्व धनी गरीब सबैका लागि खुशीको अवसर हुने गरेको बर्दिवास–७ का ७० वर्षीय विन्देश्वर यादव बताउँछन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# वीरगंजका पोखरी छठ पर्वका लागि सिंगारियो

वीरगंज, १९ कात्तिक/रासस

यहाँका पोखरी तथा नदी घाट छठ पर्वका लागि विशेष सजावट गरेर सिंगारिन थालिएको छ । वीरगंज महानगरभित्रमात्रै एक दर्जनभन्दा धेरै स्थानमा रहेका छठघाटलाई 'दुलही' जस्तै सिंगारिएको छ ।

प्रायजसो: यहाँका सर्वसाधारणले आफ्नो घरदैलो नजीकै रहेको पोखरी तथा छठ घाटमा गएर छठ पूजाअर्चना गर्ने परम्परा रहेको छ । सोही अनुसार यहाँका सर्वसाधारणले आआफ्नो घरनजीकै रहेको पोखरी तथा घाटलाई सरसफाइ तथा सजावट गरेर चिटिक्क पार्ने काम गरिरहेका छन् ।

वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंह पनि वीरगंज महानगरभित्र मनाइने छठ घाटहरूको नियमितरूपमा निरीक्षण गरिरहेका छन् । उनले छठ पर्वलाई भव्य र सभ्य ढङ्गले मनाउने गरी तयारी तीव्र पारिएको जानकारी दिए ।

वीरगंज महानगरभित्र घडीअर्वा पोखरी, रानीघाट छपकैयाको छठघाट, माईधिया पोखरी, नगवा पोखरी, सोलकपुर चोर्नी र परसवाको छठघाटमा विशेष सजावट र डेकोरेशन गरेर छठ पर्व मनाइँदैछ । यीबाहेक अन्य स्थानहरूमा पनि छठ पर्व धुमधामले मनाउन आआफ्नो ढङ्गले झकिझकाउ गर्ने काम भइरहेको छ ।


तस्वीर:नितेश कर्ण/प्रतीक

वीरगंज महानगरभित्र सजावट र झकिझकाउको हिसाबले भने घडीअर्वा पोखरीमा विशेष गर्ने गरिन्छ । छठ पूजा व्यवस्थापन समिति घडीअर्वा पोखरीका अध्यक्ष दिलीपसाह कानूले घडीअर्वा पोखरीमा मनाइने छठ पर्वको झकिझकाउ सजावट हेर्न नेपाल मात्र नभएर सीमावर्ती भारतीय शहरका पर्यटकहरूको पनि घुइँचो लाग्ने बताउँछन् ।

"घडीअर्वा पोखरीमा छठ पर्वको सजावट हेर्नका लागि नेपालका काठमाडौं, पोखरा, नारायणघाट, बुटवल, चितवनलगायत सबै शहरका सर्वसाधारणलाई चुलो निम्तोसहित आउन अनुरोध गर्दछु"–उनी भन्छन्–"नेपालका मात्रै होइन, भारतको बिहार राज्य, उत्तर प्रदेशलगायत ठाउँमा बसोवास गर्ने पनि यहाँको मनोरम दृश्य हेर्न आउने गरेका छन् ।"

समितिका अध्यक्ष कानूले घडीअर्वा पोखरीमा मनाइने छठ पर्व सुरक्षा, सजावट र सप्तरङ्गी बत्तीको झिलीमिलीले पनि अवलोकनकर्ताको मन जित्ने बताउँछन् । "हामी विगत २२ वर्षदेखि घडीअर्वा पोखरीमा छठी माताको पूजाअर्चना गर्दै आइरहेका छौं"–उनले भने–"हामीले छठ पूजामा घडीअर्वा पोखरीको सजावट र डेकोरेशनका लागि कहिले पनि कुनै पनि प्रकारको सम्झौता गरेका छैनौं । हाम्रो झिलीमिली बत्ती, पण्डाललाई निकै आकर्षक ढङ्गले सिंगारिएको छ ।"

समितिका अनुसार पण्डाल र लाइट व्यवस्थापनको जिम्मेवारी जगदीश टेन्टले पाएको छ । तराई–मधेसका महिलाले छठ पूजा आफ्नो परिवार र सन्ततिको सुख समृद्धिको कामना गर्दै मनाउने गर्छन् । यस वर्ष छठ पर्वको मुख्य दिन यही कात्तिक २२ गते कात्तिक शुक्ल षष्ठीको दिन परेको छ । छठपर्व विशेषगरी कात्तिक शुक्ल चतुर्थीका दिनदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाइन्छ ।

छठ पूजा व्यवस्थापन समिति घडीअर्वा पोखरी सरसफाइ उपसमितिका संयोजक शम्भुसाह कानूले घडीअर्वा पोखरीभित्रको सरसफाइलाई पनि तीव्र बनाएको जानकारी दिए । "पूजाअर्चना गर्दा पोखरीमा दियोबत्ती खसेर बसेका हुन्छन्"–उनी भन्छन्–"पोखरीलाई शुद्ध र स्वच्छ बनाउनका लागि पनि सरसफाइको कार्यलाई निकै प्राथमिकता दिँदै आइरहेका छौं ।" वीरगंज महानगरले पनि घडीअर्वा पोखरीको वरपर डेङ्गु सङ्क्रमण बढ्न सक्ने भन्दै 'सर्च एन्ड डिस्ट्रोय' अभियान सञ्चालन गर्दै आएको छ ।

# दाइजो स्वरूप गाउँ नै दिने प्रथा अझै कायमै

इनरुवा (सुनसरी), १९ कात्तिक/रासस

तराई मधेस क्षेत्रमा दाइजो प्रथा अझै कायमै रहेको खबर बेलाबेला आउने गरेकै छन् । मधेस क्षेत्रमा बसोबास गर्ने मधेसी समुदायका व्यक्तिले छोरी/चेलीको विवाह गर्दा दाइजोमा गच्छेअनुसार पैसा तथा गहना र पहाडी समुदायका व्यक्तिले पनि शक्तिअनुसार फर्निचर, गरगहना तथा अन्य सामग्री दिनु सामान्य नै हो । हुन त हिन्दू नेपाली समाजमा देशभरि नै यस्तो प्रचलन छ ।

ऋाज हामी तपाईँहरूले योभन्दा फरक प्रचलन सुनाउँदै छौँ, जो सुन्दा धेरैलाई आश्चर्य लाग्नसक्छ । यस्तो आश्चर्य लाग्ने प्रथा हो यहाँका मरिक समुदायको, जहाँ आजपर्यन्त छोरी/चेलीको विवाह गर्दा दाइजोमा गाउँनै दिने गरिएको छ । सुनसरीका विभिन्न क्षेत्रमा बसोबास गर्ने मरिक समुदायका व्यक्तिले अहिले पनि छोरीको बिहेमा गच्छेअनुसार गाउँ नै दाइजोको रूपमा दिने प्रचलन रहेको सुनसरी हरिनगर–२ का अगुवा भट्टाई मरिकले जानकारी दिनुभयो । शनिवार मरिक समुदायले छठका लागि बाँसका सामग्री बनाइरहेका वारे रिपोर्टिङ गर्न गएका हामीलाई उहाँले त्यो कुरा सुनाउँदा हामीलाई पनि त्यस्तै आश्चर्य लागेको थियो ।

मरिक समुदायका व्यक्तिले छोरीको बिहे गर्दा ज्वाइँ गाउँमा नै बसोबासका लागि राजी भएमा एउटा गाउँ नै दाइजो स्वरूप दिने गरेको भट्टाईले सुनाउनुभयो । उहाँको कुरा सुनेपछि हामीले हरिनगर–३ का चन्दन मरिकलाई यसवारे जिज्ञासा राख्यौं । जवाफमा उहाँले भन्नुभयो,"हो नि हजुर ज्वाइँ राजी भएमा गाउँ नै दाइजोमा दिने चलन छ । यसको उद्देश्य भनेको छोरीचेली र भोलि जन्मिने सन्ततीलाई सहज होस् भन्ने हो ।"

मरिक समुदायको मुख्य पेसा सरसफाइ गर्ने, विहेवारीमा आफ्नो गाउँका यजमानलाई बाँसको सामग्री पुऱ्याउने, चाडबाडका बेलामा बाँसका सामग्री बनाएर बिक्रीवितरण गर्नु हो ।



चाडपर्व, व्रतबन्धलगायत अवसरमा बाँसको सामग्री प्रयोग अनिवार्य भएकाले एक जनाको गाउँमा अर्को मरिक समुदायका व्यक्तिले बिक्रिवितरण गर्न नपाइने आन्तरिक सहमति हुने गरेको छ । विशेष गरेर ग्रामीण भेगमा बसोबास गर्ने नागरिकले तोकिएका व्यक्तिबाटै विभिन्न सामग्री लिने गरिन्छ । यजमानले लिएको सामग्रीवापत मरिक समुदायका व्यक्तिले चामल, धान, गहुँ, नगद र बाँस लिने गरेका छन् ।

विभिन्न किसिमका सामग्री बिक्रीका लागि बजारमा जानुपर्ने वा गाउँघरमै पसल गरेर बिक्री गर्नुपर्ने बाध्यता भए पनि मरिक समुदायका व्यक्तिले आफूले बनाएको सामग्री बिक्री गर्नका लागि गाउँ नै बाँडफाँट गरेको हुन्छ । कुन गाउँ वा टोलमा कुन परिवारले कारोवारको जिम्मा लिने भनेर आपसी समझदारी हुन्छ । एकले अर्काको गाउँमा सामग्री बिक्री गरेमा समाजले जरिवानासमेत गर्ने गरिएको छ ।

आफ्नो क्षेत्र बेच्न चाहनेले कारोवार अनुसारको रकम लिई बेच्नसमेत सक्ने चलन रहेको छ ।

एक गाउँ बेच्दा रु तीन लाखदेखि चार लाख वा सामाजिक मूल्याङ्कनअनुसार रकम लिने दिने गरिन्छ । सोही गाउँ मरिक समुदायका व्यक्तिले छोरी–ज्वाइँलाई गाउँमै बस्ने शर्तमा दाइजो स्वरूप दिने गरिएको हरिनगर–२ का वीरेन्द्र मरिकले बताउनुभयो । दाइजोमा दिएको गाउँमा उनीहरूले कारोवार गर्ने अनुमतिसमेत पाउने र मरिक समाजले त्यसलाई स्वीकार गर्ने चलन रहेको उहाँले सुनाउनुभयो ।

# दुईवटा हत्यासम्बन्धी अनुसन्धान पूरा

प्रस, वीरगंज, १९ कात्तिक/

बारा प्रहरीले कात्तिक १५ गते पत्रकार सम्मेलन गरेर जिल्लामा भएका दुईवटा हत्याको अनुसन्धान पूरा भएको जनाएको छ ।

बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले महागढीमाई नगरपालिका–१ सेमरा तेगछिया नैकाटोला बस्ने ५५ वर्षीय श्रीनारायण यादवको कात्तिक १० गते ७:३० बजे भएको हत्यामा संलग्न व्यक्तिलाई पक्राउ गरिएको र निजले जगगासम्बन्धी विवादमा हत्या गरेको पुष्टि गरेको बताए ।

उनले घटनाकै दिन ६४ वर्षीय सोथाई चौधरीलाई निजको घरबाटै पक्राउ गरिएको र अनुसन्धान गर्दा उनले धारिलो हतियार टाउकोमा प्रहार गरेर यादवको हत्या गरेको पुष्टि भएको बताए । उनले जगगासम्बन्धी रिसइबी र विवादमा सो हत्या गरिएको चौधरीले स्विकारेको र कात्तिक १५ गते हत्यामा प्रयोग भएको धारिलो हतियार भाडीबाट बरामद भएको बताए ।


अभियुक्त थारु र कलवार । तस्वीरः सौजन्य

यसैगरी, वीरगंज महानगरपालिका–३ छपकैया निवासी वीरेन्द्र सोनारको बारा, परसौनी गाउँपालिका–१ त्रिवेणीस्थित गण्डक नहरमा कात्तिक १ गते फेला परेको शवको सन्दर्भमा पनि घटनाका अभियुक्तहरू पक्राउ परेका र हत्याकाण्डको रहस्यबाट पर्दा हटेको बताए । प्रवक्ता सापकोटाले २६ वर्षीय सोनारलाई निजकी पत्नी मनीषा सोनारसँग अनैतिक सम्बन्ध स्थापित गरेका बहुदरमाई नगरपालिका–८ निवासी २८ वर्षीय विजयसाह कलवारले असोज २७ गते बेलुकी ९:३० बजे गम्छाले पछाडिबाट घाँटी कसेर हत्या गरेको र शवलाई त्रिवेणीनजीक गण्डक नहरमा फालेको बयान दिएपछि हत्याको पुष्टि भएको बताए ।

उनले पत्नी मनीषालाई शव बरामद भएसँगै अनुसन्धानको लागि पक्राउ गरेको र सो क्रममा कलवारको नाम खुलेपछि उनलाई कात्तिक ७ गते कलैया उपमहानगर–१० मटिअर्वा नजीकबाट पक्राउ गरिएको र उनले सो हत्या गरेको स्वीकार गरेको दाबी गरेका छन् ।

कलवारले सोनारलाई असोज २७ गते दिउँसो मेला हेर्न भनेर आफू साथ लगेका र हत्या गरी घर फर्केका थिए ।

# जनकपुरधाममा छठका लागि पाँच करोड बराबरको केरा आयात

धनुषा, १९ कात्तिक/रासस

छठ पर्वका लागि मधेस–प्रदेशको राजधानी जनकपुरधाममा मात्र रु पाँच करोड बराबरको केरा भारतबाट आयात गरिएको छ । छठ पर्वमा व्रतालुका लागि केरा अनिवार्य मानिन्छ ।

जनकपुर फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले छठ पर्वमा सिङ्गै केराको घरी नै भगवानलाई अर्घका रूपमा चढाउने हुँदा माग उच्च हुने र स्थानीय उत्पादनले नधान्ने भएकोले हरेक वर्ष आयात गर्नुपर्ने बाध्यता रहेको बताए ।

उनले अघिल्लो वर्ष करीब रु चार करोडभन्दा बढीको केरा भित्र्याइएकोमा यस वर्ष करीब रु पाँच करोड बराबरको ८५ ट्रक केरा भित्र्याइएको जानकारी दिए ।

जनकपुरधाममा गोपाल र बंशीभोग केरा नेपालको सप्तरीस्थित भारदह, भान्टावारी तथा इनरुवाबाट भित्र्याइएको छ । मालभोग, मिरिचमान, चिनी चम्पा केरा भारतको आसाम, गोहाटी, बङ्गाल, हाजीपुर, ठाकुरगंज र चम्पारणबाट मगाउने गरिएको फलफूल तथा तरकारी व्यवसायी समितिका सचिव भुवनेश्वर पूर्वेले जानकारी दिए । छठ पर्वसँगै अघिल्लो वर्षको तुलनामा यस वर्ष २० प्रतिशतले केराको मूल्य बढेको उनले बताए । "छठ पर्व मनाउनेको सङ्ख्या वृद्धि भएकोले केराको माग पनि बढेको हो । यसैले बजारको माग अनुसार गत वर्षको तुलनामा यस वर्ष २५–३० ट्रक बढी केरा मगाइएको छ"–सचिव पूर्वेले भने ।

फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष यादवका अनुसार १० चक्काको ट्रकमा १२०० घरी केरा आउँछ । प्रतिट्रक बराबर जनकपुरसम्म ल्याउँदाको खर्च रु छ लाख पर्छ । बजारमा प्रत्येक केराको घरी रु पाँच सयदेखि एक हजारसम्म मूल्यमा बिक्री गरिन्छ ।

नेपालमा केरा उत्पादनको प्रचुर सम्भावना भए पनि माग अनुसार उत्पादन नहुँदा हरेक वर्ष भारतबाट आयात गर्नपर्ने बाध्यता रहेको व्यवसायीहरूको भनाइ छ । साथै देशभित्र उत्पादन हुने केराभन्दा भारतबाट आउने केराको मूल्य सस्तो पर्ने गरेकोले पनि सीमावर्ती क्षेत्रमा भारतबाट प्रशस्त मात्रामा केरा आयात हुने गरेको जानकारहरू बताउँछन् ।


वीरगंजको आदर्शनगरमा ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले आयोजना गरेको देउसी, भैलो कार्यक्रम ।
तस्वीरः राधेश्याम पटेल

# चिलिमे–त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न

काठमाडौं, १९ कात्तिक/रासस

त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न महत्त्वपूर्ण मानिएको चिलिमे–त्रिशूली २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ ।

रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेशनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेंसीस्थित त्रिशूली थ्री बी हब सबस्टेशनसम्मको २८ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो ।

दशैं र तिहारको सार्वजनिक बिदामा समेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटेर प्रसारण लाइन निर्माण सम्पन्न गरिएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा निर्माण भएका १११ मेगावाटका रसुवागढी र ४२.५ मेगावाटको साञ्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारण लाइन पूर्वाधार तयार भएको उल्लेख गरे । रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन् ।

"भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भीरैभीर रहेको र सडक पनि नभएकोले ढुङ्गागिट्टी, बालुवा, टावरका सामान, पानी, मानिस या खच्चरबाट बोकाएर लैजानुपर्ने अवस्था थियो"–उनले भने–"बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड–१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि हो ।"

उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि चिलिमे–केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न लागिएको छ । चिलिमे–त्रिशूली प्रसारण लाइनले नै चीनलाई जोड्ने छ । चिलिमे–त्रिशूली २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत नै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेशन निर्माण सम्पन्न भइसकेका छन् । त्रिशूली थ्रि बी हब सबस्टेशनमा आएको विद्युत् काठमाडौंको मातातीर्थसम्मको त्रिशूली–काठमाडौं २२० केभी प्रसारण लाइन हुँदै राष्ट्रिय प्रणालीमा समाहित हुनेछ । साञ्जेन र रसुवागढी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेशनमा जोडी चिलिमे–त्रिशूली प्रसारण लाइन हुँदा राष्ट्रिय प्रणालीमा समाहित हुनेछ ।

प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् । प्रसारण लाइन समुद्री सतहबाट ६८० देखि २६०० मि सम्मपर्ने भूभागमा निर्माण गरिएको छ । कुल ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो । उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ ।

आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रिड विभागका निर्देशक थर्कबहादुर थापाले बताए । निर्देशक थापाले खच्चर र मानिसबाट निर्माण सामग्री र उपकरण ढुवानी गरी नौ वटा हेलिकप्टरबाट निर्माण सामग्री ढुवानी गरी दुईवटा टावर निर्माण गरिएको बताए ।

उत्तरगया गाउँपालिका–१ तिरुवाट सोही वडाको सिरुचेतसम्म १,२३५ मि लम्बाइमा तार तानिएको छ । मैलुङखोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो ।

प्रसारण लाइन अन्तर्गत चिलिमे–मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ–त्रिशूली थ्री बी हबसम्म आठ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । कोरियन कम्पनीको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको विद्युत् जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली–१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।

अनुमानित लागत तीन अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे–त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्ल्यु)को अनुदान रहेको छ । युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलियतपूर्ण ऋण रहेको छ ।

प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४ साल पुसमा कार्यान्वयनमा आएको थियो ।

# बगर खेतीले फेरिँदै जीवन

गोपालप्रसाद बराल
महोत्तरी, १९ कात्तिक/रासस

भनिन्छ, 'सय वर्षमा खोला पनि फर्कन्छ', तर महोत्तरीको भङ्गाहा–६ हतिसर्वाका पर्सा र सङ्ग्रामपुर बस्तीका बासिन्दालाई आफ्नो जग्गा बगर बगाउने रातु भङ्गालो फर्किएको कुर्न सय वर्ष पर्खनुपरेन। विसं २०३० को बाढीले बगर बनाएको जग्गा यहाँका बासिन्दाले चार दशकमैं हराभरा बनाएका छन्। बगरमा अहिले आँप, लिची, सपाटो र कागतीसहितका फलका रूख हुर्केका छन्। यहाँ मौसम अनुसार फल र तरकारीका लहरा फल्न थालेको पनि चार/पाँच वर्ष नाघेको छ। कुनै टिप्ने भइसकेका, कुनै फुल्दै र चिचिलाले भरपूर। परवल, लौका, फर्सी, करेला, घिरौंला र झिमनीका बग्रेल्ती लहरा। नदी उकास गेग्यान ठाउँ अहिले किसानको मेहनतले हराभरा भएको देख्दा धेरैलाई आश्चर्य लाग्न सक्छ। 'बगर बगैंचा र बगैंचामा खेती'ले किसानको जीवन फेरिएको छ।

पचास वर्ष अघिको बाढीले बस्ती नजीकको उब्जाउ जग्गा रातुले बगर बनाइदिंदा सुकुम्बासी बनेका पर्साका आदिवासी थारू समुदायले अहिले पनि ती आपद्का दिन भुलेका छैनन्। "छँदाखाँदाको हाम्रो जग्गा बगर बनेपछि हामी किसानबाट बनिहारा (खेतीपातीका काम गर्ने मजदूर) बन्यौं, रातारात सुकुम्बासी बनियो"–विगतका दुःखका दिन सम्झँदै पर्सा बस्तीका रामनारायण सिंह थारू भन्छन्–"पछि २०६४ सालयता सरकारले पूर्व–पश्चिम राजमार्गमुनि रातुका दुईतिरका भङ्गाला तटबन्ध गरेपछि हाम्रो बगर बनेको जग्गा उकास बन्यो।" भङ्गाला बाँधिएर जग्गा उक्से पनि गेग्यान थुप्रिएको जग्गा सुधार्न सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिवासले उत्प्रेरित गरेको पर्सा र सङ्ग्रामपुरका बासिन्दा सम्झन्छन्। अहिले पर्सा बस्तीकी वृन्दादेवी हुजदार थारूको दैनिकी त्यही बगर पुगेपछि शुरू हुन्छ। झरेका पातपतिङ्गर रूख–बिरुवाका फेदमा ओछ्याउने, हरिया झार उखेल्ने, आँप र अन्य फलफूलका बोट सुमसुम्याउने, रूखिएका बोटमा पानी हाल्ने, तरकारी टिप्ने, तरकारी लिन आएका व्यापारीलाई आफ्नो उत्पादन तौलेर दिने र हिसाब मिलान गर्ने हुजदारको दैनिकी बनेको छ। झन् अहिले त चाडबाडको मुख हुँदा ब्यापारी र वरपरका ग्राहकको माग पुऱ्याउन, बिरुवा गोडमेल गर्न र घरको कामको संयोजन गर्न भ्याइनभ्याइ नै पर्ने बगर खेतीका किसान बताउँछन्।

"अब दुःखका दिन बिर्सँदै गएका छौं, अचेल सधैँ काम छ, दिनहुँ तरकारी, फलफूल बेचेको पैसा हात पर्छ"–उनी भन्छिन्– "दिनहुँ पालो लगाएर तरकारी टिपिन्छ, परवल, लौका, फर्सी, करेला, झिमनी, भिण्डी, काँक्रा र खोर्सानी, कागती टिप्न र बिक्री गर्न भ्याइनभ्याइ हुन्छ।" वृन्दामात्र नभएर पर्सा र सङ्ग्रामपुरका १०८ परिवारको घरगुजारा, नानीहरूको पठनपाठन, स्वास्थोपचार र चाडपर्व यही बगरले दिएको छ। एक समय घर गुजाराकै लागि मालिकको खेतबारीमा काम गर्न जाने आफूहरू अब आफ्नै कामले फुर्सद नभएको बगर खेतीका किसान खुशी हुँदै बताउँछन्। रातुको पश्चिमी भङ्गालोको बाढीले जग्गा सबै काटेर बलौटो




थुपारेपछि पर्साका आदिवासी थारू लालपुर्जामा जग्गा भए पनि सुकुम्बासी बनेका थिए। "लालपूर्जा हुँदाहुँदै हामी नाङ्गा भयौं, बाढीले अर्काको खेतबारीमा मजदूरी गरेर जीवन धान्नुपर्ने बनायो"–विगत भोगाइ कोट्याउँदै पर्सा बस्तीका ६५ वर्षीय रामनायण सिंह थारू भन्छन्–"धन्न सामुदायिक विकास तथा पैरवी मञ्चले हाम्रो आँखा खोली दियो र बगर सम्याएर खेतीपाती गर्न थाल्यौं।" पूर्व–पश्चिम राजमार्गको रातु पुलमुनि खोलाका तीन भङ्गाला बनेर पश्चिमी भङ्गालाले आफूहरूलाई सुकुम्बासी बनाएको विगत सम्झँदा अहिले पनि सिंहका आँखाका डिल आँसुका ढिकाले ढलपलिन्छन्।

विसं २०६४ यता रातु पुलमुनि जनताको तटबन्ध कार्यक्रमले नदीका तीन भङ्गाला बाँधेर एउटामा मात्र पानी बग्ने बनाइएपछि नदी उकास भएको त्यहाँको बगरमा पैरवी मञ्चले बगरखेती गर्न किसानलाई उत्साहित बनाएको हो। पैरवी मञ्चको उत्प्रेरणाले २०७१ सालदेखि बगर खन्न खोस्रन थालेका यहाँका आदिवासी थारू अहिले अब्बल किसानमा दरिएका छन्। "पहिलेका दुई/तीन वर्ष त बगरका ढुङ्गा छान्नै लाग्यो, त्यसपछि विस्तारै खनीखोस्री गर्दा अब चाहिं बगर जीविका धान्ने भयो"–सिंह भन्छन्। नदीले छाडेको जग्गा पुरानो लालपुर्जाको आधारमा पैरवी मञ्च र भङ्गाहा नगरपालिकाको कार्यालयले नापजाँच गर्ने प्राविधिकबाट छुट्याइदिएपछि किसान आआफ्नो सीमाभित्र खेती गर्न लागेका हुन्। पहिलेको बगर अब हराभरा बनेको छ। पहिलोचोटी यहाँ आइपुग्नेलाई त यहाँ बगर थियो भन्दा पत्यार नलाग्ने बनेको छ। नदी उकास जग्गामा अहिले मालदह, बम्बै, दशहरी, कलकतिया र जर्दा जातका १८ हजार आँपका रूख हुर्केका छन्। यी रूख फल्न थालेका पनि चार/पाँच वर्ष भएको छ।

बगैंचामा आँपबाहेक रूख कटहर, लिची, कागती र सपाटो फलका रूख छन्। रातु भङ्गालोको पहिलेको बगर अहिले किसानको पौरखले हाँसेको छ। बगरैभरि बगैंचा, बगैंचाभित्र तरकारी खेती। कतै घिरौंला त कतै फर्सीका हरिया कैंडा। त्यहीं नै माचमा लौका झुण्डिएका छन्, कतै भिण्डी (रामतोरिया, रामझिङनी) बोटभरि हुर्कंदै छन्। पुरानो रातु बगर अहिले किसानको मिहनेतले लहलहाएको छ। सङ्ग्रामपुर र पर्साका किसानले पहिलेको बालुबुर्ज २५६ बिघा बलौटे जग्गा खनीखोस्री गरेर नङ्गा खियाउन लागेको एक दशक भएको छ। प्रारम्भका दुई/तीन वर्षबाहेक त्यस यताका वर्ष उत्पादन र आर्जनमा ठिकठाक नै चल्दै आएको बगर खेतीमा रमाउँदै आएका सङ्ग्रामपुरका जासर यादव बताउँछन्। कोरोनाकालमा उत्पादन बजार पुऱ्याउन दुःख पाएको सम्झना गर्दै उनी ती दुःखका दिन पनि कटेको, भावुक हुँदै बताउँछन्। खासमा तीन वर्ष अघिको कोरोनाकालमा पाएको सास्ती यहाँका किसानका लागि पीडादायी सम्झना बनेका छन्।

बगरमैं भङ्गाहा–७ का भूमिहीन दलितले पनि पछिल्ला सात वर्षयता तरकारी बाली लगाएर आर्जन गर्दै आएका छन्। विगतको यो बगर अहिले किसानको मेहनत र लगनले 'सुन' फल्न लागेको हेर्न जानेको प्रतिक्रिया हुने गरेको छ। यहाँका किसानलाई पैरवी मञ्चले बीउबिजन, ज्यावल, फलफूलका बिरुवा, सिंचाइका लागि बोरिङको व्यवस्था गरीदिएसँगै सबैलाई विभिन्न किसान समूहमा आबद्ध गराएको छ। बगरखेतीका किसान अहिले आफ्नो घरखर्च धान्ने मात्र होइन, छरछिमेकलाई पर्दा गर्जो टार्न सहयोग गर्न सक्ने भएका छन्। आआफ्ना समूहमा किसानले मासिक बचत गर्दै आएका छन्।

पर्सा बस्तीका किसान ७० वर्षीय शङ्कर हुजदारले आफ्नो १२ कठ्ठा बगर खेतमा ५६ वटा आँपका रूख हुर्काएका छन्। यसैगरी बगैंचाभित्र तरकारी र मसाला (बेसार, अदुवा, खोर्सानी) खेतीबाट घरगर्जो टारेर बर्सेनि दुई लाख रुपियाँ भन्दामाथि सञ्चित हुने गरेको शङ्कर बताउँछन्। यसैगरी पैरवी मञ्चले जिल्लाकै गौशाला–८ को बेलगाछीका मुसहर जाति समुदायका दलितलाई बगर खेतीमा प्रोत्साहित गरेको छ। बेलगाछी नजीकको सनी खोला किनारको बगर नगरपालिका कार्यालयको समन्वयमा ५० घरमाथिका मुसहरलाई खेतीपातीका लागि वितरण गरिएपछि २०७८ सालयता गिरहत (जग्गावाल मालिक) को खेतमा बनी गर्ने मुसहर अहिले आफैं किसान भएका छन्। पैरवी मञ्चले विभिन्न दातृ निकायसँग समन्वय गरी महोत्तरीका मात्र नभई धनुषाको मिथिला नगरपालिकाको औरही नदी किनारको बगर र कमला नदी तटको सिरहाको कर्जन्हा नगरपालिका–६ बन्दीपुरको ११६ बिघा बगरमा खेती गर्न साना किसानलाई सघाएको छ।

बन्दीपुरमा ११६ बिघा नदी उकास कमलाको बगरलाई अहिले २४३ परिवार गरीब किसानले हराभरा बनाएका छन्। किसानलाई परिवार सङ्ख्याको आधारमा कर्जन्हा नगरपालिकाका जनप्रतिनिधिले बगरमा सीमा छुट्याएर बाँडी दिएपछि दिनरात नभनी त्यहाँका किसानले आफ्ना दुःख र अभावका दिन फेरेका छन्। कमलाको नदीउकास बगर अहिले दुई वर्षभित्रै हराभरा बनेको छ। पहिलोपटक मञ्चले काँसघारी फाँड्न जोतखनका लागि ट्याक्टर उपलब्ध गराएको थियो। बगरमा अहिले आँप, लिची, कटहर र कागतीका समेत ११ हजार बिरुवा हुर्केका छन्। बगैंचाभित्रको जग्गामा अहिले लहलह परवल छ। परवल किन्न व्यापारी खेतमैं आउने गरेका किसान जगतीदेवी मुखिया बताउँछिन्।

यहाँ मुसहर, खत्वे र मलाह जाति समुदायका गरीब किसानले 'बगरमा बगैंचाः बगैंचामा खेती' कार्यक्रमबाट राम्रो आर्जन गरिरहेका छन्। "हामीले पसिना बगाउन आफ्नै ठाउँ पाएका छौं, अब बनी (मजदूरी) गर्न कहीं जानुपर्दैन, यही बगर खोस्रदा धेरै कुरा पाएका छौं"–पाँच कठ्ठा जग्गा पाएका पल्टा मुखियाले भने–"हाम्रो सबै गुजारा यो बगरले चलाएको छ।" बन्दीपुरको बगरबगैंचा खेतीका लागि कर्जन्हा नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को साथ पाइएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवासका अध्यक्ष नागदेव यादव बताउँछन्। "यहाँ पाँच प्लट छन्, प्रत्येक प्लटमा एउटा पक्की घर टहरा बनेका छन्"–अध्यक्ष यादव भन्छन्–"यी टहरा किसानका थकाइ मार्ने र तरकारी टिपेर थुप्र्याउने ठाउँ हुन्।" किसानको मेहनतले पहिलेको बगर अब उर्बर जग्गा बनेको देख्दा खुशी लाग्ने गरेको यादव बताउँछन्। सिंचाइका लागि बोरिङ र बिजुलीको प्रबन्धले खेती सहज बनेको किसानले बताएका छन्। समयसमयमा बीउबिजन, मलखाद र कृषि प्राविधिकको सरसल्लाह पैरवी मञ्चले जुटाइदिएको मुसहर समुदायकी किसान सुर्जी सदा बताउँछिन्।

सबै ठाउँका बगरखेतीका किसान आफ्नो र आम उपभोक्ताको स्वास्थ्यप्रति सचेत छन्। खेतीमा घरमैं बनेको कम्पोस्ट मल र कीरा नियन्त्रणका घरेलु औषधि प्रयोग गरिन्छ। बगर खेतीका किसानले रासायनिक मल र विषादिरहित प्राङ्गारिक खेती गर्ने हुँदा उपभोक्ताका लागि यी ठाउँका उत्पादन पहिलो रोजाइमा पर्ने गरेका छन्। सामान्यतया आफ्ना उत्पादन जग्गामैं बिक्ने गरेको किसानको भनाइ छ। "तरकारी खोज्नेहरू सोझै यहीं आइपुग्छन्, हामीलाई यही तौलेर दिन भ्याइनभ्याइ हुन्छ"–कमलाको नदी उकास बगर खेतीका किसान परीक्षण सदा भन्छन्–"घरमा खान र व्यवसाय गर्ने व्यापारी सबै खेतमैं आइपुगेपछि हम्मेसी बजार नै जान पर्दैन।"

बगर खेतीबाट नियमित आम्दानी हुन थालेपछि महोत्तरी, धनुषा र सिरहाका किसानका छोराछोरी नियमित विद्यालय जाने, थोरैपनि स्वास्थ्य समस्या हुँदा तत्काल स्वास्थ्य चौकी जाने, नियमित आफ्नो किसान समूहको बैठकमा सहभागी हुने र बचत गर्ने भएका छन्। यिनीहरूको जीवनमा आएको परिवर्तनले निरन्तर सघाउन उत्प्रेरित गर्ने गरेको कर्जन्हा नगरपालिकाका प्रमुख भोला पोखरेल बताउँछन्। बगर बगैंचा र तरकारी खेतीमा लागेका किसानमा आएको परिवर्तन अन्य ठाउँका लागि शिक्षा भएको पैरवी मञ्चका अध्यक्ष यादवको थप भनाइ छ। बगरमा किसानले गरेको मेहनतले विपद् व्यवस्थापन, महिला सशक्तीकरण, जैविक विविधता, वातावरणीय अनुकूलन, जलवायु परिवर्तन अनुकूलन र जलाधार क्षेत्रको संरक्षण संवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगेको यादव बताउँछन्।



बारा, विश्रामपुर गाउँपालिका मुसहर्वामा आयोजित महाविरी झन्डा मेलामा आयोजना गरिएको दङ्गल प्रतियोगिता हेर्न पुगेका खेलप्रेमीहरू। तस्वीरः राधेश्याम पटेल

## फरक समाचार

### सुत्नुअघि खान नहुने ७ कुरा

राम्रो स्वास्थ्यको लागि पर्याप्त निद्रा आवश्यक छ। तर आजभोलि अधिकांश मानिस मध्यरातसम्म जागा बस्छन्। निद्रा नपुग्दा उनीहरूको निद्राको ढाँचामा परिवर्तन हुन्छ। खानेकुराको गलत बानीका कारण धेरैलाई राति निद्रा लाग्दैन। यदि तपाईं पनि राति राम्रो निद्रा चाहनुहुन्छ र समयमै सुत्न चाहनुहुन्छ भने सुत्नुभन्दा केही घण्टा अघि खानपान छोड्नुपर्छ। विशेषगरी राति खान वा पिउन नहुने सात चीज छन्। सुत्नु अघि यी चीज खाँदा निद्रामा असर पर्छ। त्यसैले सुत्नु अघि कुन–कुन चीजबाट टाढा रहनुपर्छ भन्ने पनि जानकारी राखौं।



१. हेल्थलाइनको रिपोर्ट अनुसार कफीमा क्याफिनको मात्रा बढी हुन्छ। राति कफी पिउने हो भने निद्रा गडबड हुन्छ। क्याफिनको प्रभाव छदेखि आठ घण्टासम्म रहन्छ। त्यसैले राति अबेरसम्म कफी पिउनुहुँदैन।

२. चकलेटमा थियोब्रोमाइन नामक उत्तेजक तत्त्व हुन्छ। जसले मुटुको धड्कन बढाउन सक्छ र तपाईंलाई आराम गर्नबाट रोक्न सक्छ। त्यसैले राति चकलेट खान मन लागे पनि नखानुहोस्।

३. बेलुकीको खानामा मसलादार वा भुटेको खाना खाँदा पेटमा एसिड बढ्छ। रातिको खानाबाहेक सुत्नु अघि मसलादार खानेकुरा खाँदा एसिड रिफ्लक्सको समस्या हुन्छ। जसका कारण निद्रामा गडबडी हुन्छ र रातभर बेचैनी रहन्छ। त्यसैले राति सुत्नुभन्दा तीन–चार घण्टा अघि भुटेको र मसलादार खानेकुरा खानुहुँदैन।

४. राति बर्गर, फ्रेन्च फ्राइज जस्ता चीजहरू खाँदा पेट भारी हुन्छ र अपच हुन्छ। यस्ता चीजहरू पचाउनको लागि पाचन प्रणालीले कडा मेहनत गर्नुपर्छ, जसले निद्रामा असर गर्छ।

५. राति सोडा वा अन्य कार्बोनेटेड पेय पिउँदा निद्रामा बाधा पुग्छ। यस्ता पेय पदार्थमा चिनी र क्याफिनको मात्रा बढी हुन्छ। सुत्नु अघि यी चीज पिउनाले निद्रा बिग्रन्छ।

६. कागती वा अन्य सिट्रस फलहरू अम्लीय हुन्छन्। यस्ता फलफूल राति खाँदा एसिडिटी बढ्छ। त्यसैले राति सुत्नु अघि अमिलो फलफूल खानुहुँदैन।

७. प्रोटिनयुक्त खानेकुरा पचाउन धेरै समय लाग्छ। यदि राति प्रोटिनयुक्त भारी खाना खायौं भने सुत्न अप्ठेरो हुन्छ।

### सेतो कपाल कालो बनाउने उपाय

कपालमा मेंहदी लगाएपछि पनि सेतो कपालको समस्याले सताइरहेको छ अथवा कपाल रङ्गेको दुई हप्तापछि सेतो देखिन्छ भने यो तपाईंको लागि ठूलो समस्या हुन सक्छ। यस्तो अवस्थामा बारम्बार केमिकल रङ प्रयोग गर्नुको सट्टा कपालमा रङ्ग लगाउने केही प्राकृतिक उपायहरू प्रयोग गर्नु राम्रो हुन्छ। यो सुरक्षित र अधिक प्रभावकारी हुन्छ। प्राकृतिकरूपमा कपाल कालो बनाउने उपाय यसप्रकार छ।



चार चम्मच इन्डिगो पाउडर, १ चम्मच अमला पाउडर, २ चम्मच हिना पाउडर, पानी।

**तयारी विधिः** हेयर डाई बनाउनको लागि सबैभन्दा पहिले एउटा कचौरामा हिना पाउडर लिनुहोस् र त्यसमा दोब्बर मात्रामा इन्डिगो पाउडर र थोरै अमला पाउडर मिसाउनुहोस्। अब यसमा पानी हालेर गाढा पेस्ट तयार पार्नुहोस्। तपाईंको कपालको लागि डाई तयार हुन्छ यसलाई फलामको भाँडोमा रातभर छाडेर बिहान लगाउनुस्।

धोइसकेर कपाल सुकेपछि तयर पारेको पेस्ट कपालको जरादेखि छेउसम्म राम्ररी लगाउनुहोस् र टाउकोमा ४५ देखि ६० मिनेटसम्म छोड्नुहोस्। यसपछि कपाललाई राम्ररी धुनुहोस्। यो हेयर डाईले कपाललाई गहिरो कालो रङ्ग दिनेछ। महीनामा एकपटक कपालमा यो रङ लगाउनुभयो भने महीनाभरि कपाल कालो रहन्छ।

**अन्य टिप्सः** मेथी र नाइजेलाको धूलो मिसाएर पेस्ट बनाउने हो भने कपालको वृद्धि पनि छिटो हुन्छ। कफी पाउडर र दहीको पेस्ट लगाउनुभयो भने कपालको रङ्ग सुन्दर हुन्छ र कपाल नरम रहन्छ। कपालमा स्याम्पु गरेपछि यो पेस्ट प्रयोग गर्नुहोस्। धुनका लागि पानी मात्र प्रयोग गर्नुहोस्। छालामा दाग हुनबाट बच्न वरपरको छालामा भ्यासलिन वा तेल लगाउनुहोस्।

### पटाकाले पोल्यो भने के गर्ने ?

दीपावलीको पर्वमा अधिकांशले पटाका पड्काउने क्रममा हात जलाएका हुन्छन्। जलेको ठाउँमा विभिन्न प्रकारका मलम लगाउँछन्। चिकित्सकको सल्लाहविना जलेको ठाउँमा कुनै पनि प्रकारको मलम लगाउनु हुँदैन।



**मलम लगाउनुहुँदैनः** सामान्यतया मानिसहरूले यो गलती गर्छन्। जलेको ठाउँमा कुनै पनि प्रकारको मलमको प्रयोग गर्नुहुँदैन।

**घाउको फोका फोड्नु हुँदैन :** प्रायः पोलेपछि छालामा फोकाहरू देखा पर्छ, धेरैजसोले यसलाई फुटाउँछन्। यसो गर्दा सङ्क्रमणको जोखिम झनै बढ्छ।

**कपासको प्रयोग :** धेरै मानिस कपासले जलेको ठाउँ सफा गर्ने गलती गर्छन्। यस्तो अवस्थामा प्रभावित क्षेत्रमा कपास प्रयोग गर्नुहुँदैन।

जलेको ठाउँमा राम्ररी सफा गरेर तुरुन्तै चिकित्सकसँग सम्पर्क गरी सोही अनुसार उपचार गराउनुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या ३६ पुग्यो

देहरादून, १९ कात्तिक/एएफपी

भारतको उत्तराखण्डमा सोमवार भएको एउटा बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या कम्तीमा ३६ पुगेको छ।

प्रहरी अधिकारीका अनुसार दुर्घटना उत्तराखण्ड राज्यको अल्मोडा जिल्लाको मार्चुला क्षेत्रमा सोमवार बिहान ८:३० बजे भएको हो। मार्चुला भारतको पहाडी राज्य उत्तराखण्डको पर्यटकीय गन्तव्य हो।

दुर्घटनामा थप केही व्यक्ति घाइते भएका र घाइतेमध्ये गम्भीर चोट लागेका तीनजनालाई हवाई उद्धार गरी देहरादून लगिएको छ।

सरकारी उद्धार टोलीले सार्वजनिक गरेको तस्बिरमा बसको भग्नावशेष बाक्लो झाडीमा देखिएको छ भने गाडीको अगाडिको भाग पूर्णरूपमा क्षतिग्रस्त भएको छ।

उत्तरी राज्य उत्तराखण्डका एक वरिष्ठ अधिकारी दीपक रावतले भने– "अहिलेसम्म ३६ जनाको मृत्यु भएको पुष्टि भएको छ। गम्भीर घाइते भएका तीनजनालाई हेलिकप्टरमार्फत अस्पताल लगिएको छ।"

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले अल्मोडा बजार नजीकैको


तस्वीरः एजेन्सी

जङ्गलमा भएको उक्त दुर्घटनाबारे अनुसन्धान गर्न निर्देशन दिइसकिएको बताएका छन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाका कारण आफ्ना प्रियजन गुमाएकाहरूप्रति गहिरो समवेदना व्यक्त गरेका छन्।

प्रधानमन्त्रीको कार्यालयबाट जारी एक विज्ञप्तिमा मृतकका परिवारलाई दुई लाख भारतीय रुपियाँ र घाइतेलाई ५० हजार भारतीय रुपियाँ सहयोगस्वरूप दिने जनाएको छ।

भारतको पहाडी इलाकामा सडकको दुरवस्था, पुराना यातायातका साधन र चालकको लापरवाहीका कारण हुने दुर्घटनाका कारण हरेक वर्ष सयौं व्यक्तिको अकालमा मृत्यु हुने गरेको बताइएको छ। रासस

# इन्डोनेशियामा ज्वालामुखी विस्फोट हुँदा १० जनाको मृत्यु

इन्डोनेशिया, १९ कात्तिक/एएफपी

पूर्वी इन्डोनेशियामा ज्वालामुखी विस्फोट हुँदा कम्तिमा दशजनाको मृत्यु भएको अधिकारीहरूले सोमवार जनाएका छन् । अधिकारीहरूका अनुसार प्रभावित क्षेत्रमा उच्च सतर्कता कायम गरिएको छ।

फ्लोरेसको लोकप्रिय पर्यटक टापूमा अवस्थित माउन्ट लेबोटोबी लाकी–लाकीमा १,७०३ मिटरको दुईटा ज्वालामुखी विस्फोट हुँदा प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन्।

ज्वालामुखीले जलिरहेको चट्टान घरहरूमा फर्याँक्न थालेपछि प्रभावित क्षेत्रका बासिन्दले भयभीत भएको बताएका छन्।

इन्डोनेशियाको विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) का प्रवक्ता अब्दुल मुहारीले पत्रकार सम्मेलनमा मृतकको सङ्ख्या पुष्टि गर्दै ज्वालामुखी विस्फोटबाट १०,२९५ जना प्रभावित भएको बताएका छन्। उनका अनुसार विस्थापितको सङ्ख्या अझै गणना भइरहेको छ।

एएफपीले प्रसारण गरेको फुटेजमा ज्वालामुखी नजीकैका घरहरू बाक्लो खरानीले ढाकिएका र केही क्षेत्रमा आगो लागेको देखिएको छ।

ज्वालामुखी नजीकै पाँचवटा गाउँ खाली गरिएको र हजारौं मानिस अन्यत्र शरण लिन बाध्य भएका छन्।

ज्वालामुखी मामिला सुरक्षा निकायले स्थानीय र पर्यटकहरूलाई ज्वालामुखी विस्फोट भएको (केन्द्रविन्दु) को सात किलोमिटर दायराभित्र कुनै पनि किसिमका गतिविधिहरू नगर्न निर्देशन दिएको छ।

पछिल्लो समयमा माउन्ट लेबोटोबी लाकी–लाकीमा ज्वालामुखी गतिविधिमा उल्लेखनीय वृद्धि भई घरहरूमा क्षति गरेपछि स्थानीयले साम्प्रदायिक भवनमा शरण लिएका छन्।

ज्वालामुखी सुरक्षा निकायले वर्षाले गर्दा लाभा बाढी आउन सक्ने चेतावनी दिंदै ज्वालामुखीको प्रभावबाट बच्न स्थानीयहरूलाई मास्क लगाउन आग्रह गरेको छ। रासस

# मोल्दोभामा राष्ट्रपतीय निर्वाचनमा सन्दुको जीत करीब सुनिश्चित

रोमानिया, १९ कात्तिक/एएफपी

मोल्दोभाका वर्तमान राष्ट्रपति मइया सान्दुले ५४.१९ प्रतिशत मत प्राप्त गरी देशको राष्ट्रपतीय निर्वाचनमा अग्रता लिएका छन्।

मोल्दोभाको केन्द्रीय निर्वाचन आयोगले ९७.८ प्रतिशत मतगणना गर्दासम्म दोस्रो चरणको निर्वाचनबाट राष्ट्रपति सन्दुले ५४.१९ मतसहित अग्रता कायम गरेका छन् भने राष्ट्रपतिका मुख्य दाबेदार पूर्व महान्यायाधिवक्ता अलेक्जेन्डर स्टोयानोग्लोले ४५.८१ प्रतिशत मत प्राप्त गरेका छन्।

मत परिणाम हेर्दा इयु निकट राष्ट्रपति सन्दुको विजय करीब सुनिश्चत भएको छ, यद्यपि, मतगणना जारी छ।

निर्वाचनलाई इयु निकट उम्मेदवार सन्दु र रूस निकट स्टोयानोग्लाबीचको प्रतिस्पर्धालाई इयु र रूस दुवैले प्रतिष्ठाको विषय बनाएका छन्।

आगामी चार वर्षे कार्यकालका लागि हुने निर्बाचनमा मतदानपछि राष्ट्रपति सन्दुले भने–"मैले मतदान गरें। मलाई विश्वास छ हाम्रा मतदाताले देशको लागि राम्रो मार्ग छनोट गर्नेछन्। अहिले पहिलेभन्दा अझ बढी एकताका साथ हामी देशको शान्ति र स्वतन्त्रताको पक्षमा उभिनुपर्छ।"

पार्टी अफ एक्सन एन्ड सोलिडारिटीको पूर्व नेताको रूपमा उनले पहिलो चरणको चुनावमा सबैभन्दा बढी ४२ प्रतिशत मत प्राप्त गरेका थिए भने मोल्दोभाको समाजवादी पार्टीद्वारा समर्थित स्टोयानोग्लोले करीब २६ प्रतिशत मत पाएका थिए। स्टोयानोग्लोले अपेक्षा गरिएभन्दा अत्यधिक बढी मत पाएका हुन्।

सन्दुले 'स्वतन्त्र, स्थिर, समृद्ध मोल्दोभा' प्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै देशको युरोपेली सङ्घ (इयु) सँग एकीकरणको मार्गको लागि आफ्नो समर्थनमा जोड दिए।

अक्टोबर २० मा भएको राष्ट्रपतीय चुनावपछि, मोल्दोभामा शीर्ष दुई उम्मेदवारबीच दोस्रो चरणको निर्वाचन भएको हो।

पहिलो चरणमा राष्ट्रपति पदको दौडमा रहेका ११ उम्मेदवारमध्ये कसैले पनि ५० प्रतिशत वा एक मतको रूपमा परिभाषित मतको पूर्ण बहुमत प्राप्त गर्न सकेका थिएनन्। रासस


खेतबाट धान बिक्री गर्दै किसानः घोराही उपमहानगरपालिका–६ का किसान खेतबाट धान बिक्री गर्दै। दाङमा तीन हजार रुपियाँ क्विन्टलमा धान बिक्री भएको किसान बताउँछन्। तस्बिरः रञ्जिता अधिकारी/रासस



# पर्सा र बाराबाट गाँजा, चरेससहित दुईजना पक्राउ

प्रस, पचगावाँ, १९ कात्तिक/

पटेर्वासुगौली गाउँपालिकापा–४ भलुवाही खोलाबाट प्रहरीले गाँजा र चरेस बरामद गरेको छ।

प्रहरीको गश्ती टोलीलाई देखेपछि



गाँजा तस्कर मोटरसाइकल र झोला छोडेर फरार भएका थिए। प्रहरीले झोलाबाट पाँच किलो गाँजा र एक किलो चरेसको प्याकेट बरामद गरेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी [illegible]क्षक मोहनजङ्गबुढा थापाले बताएका छन्।

प्रस, सिम्रौनगढ/

इलाका प्रहरी कार्यालय सिम्रौनगढले ३४ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ। प्रहरीले दीपेन्द्र कुशवाहा र सरोजप्रसाद यादवलाई सिम्रौनगढ नगरपालिका–४ गङ्गानगरबाट ३४ किलो गाँजासहित पक्राउ गरेको प्रहरीले जनाएको छ।



तस्वीरः सौजन्य

इप्रका सिम्रौनगढको प्रनि नवीन राईको कमान्डमा गएको प्रहरी टोलीले गाँजा प्याकिङ गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको जनाए।

इटलीका पर्यटकहरूले बाराको प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल सिम्रौनगढको भ्रमण गरेका छन्। पर्यटकहरूले कङ्काली मन्दिर परिसर, डढेका चामल क्षेत्र र कचोर्वा बसवरियास्थित देवताल झरोखर पोखराको भ्रमण गरेका थिए। इटलीबाट आएका इलियो मारिनीको नेतृत्वमा माटेरिओ ओसाना र मारिआनो कारोनीले सिम्रौनगढको भ्रमण गरेका थिए। तस्वीरः रामेश्वर मेहता

# चित्रगुप्त महाराजको पूजा सम्पन्न


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, १९ कार्तिक/

पचरौता नगरपालिका–९ कुडवामा आइतवार कायस्थ जातिका देवता चित्रगुप्त महराजको पूजा गरिएको छ।

चित्रांश समिति सिम्रौनगढका अध्यक्ष श्रीनारायणलाल कर्णको अध्यक्षतामा भएको कार्यक्रममा योगेन्द्रलाल कर्ण, अनन्तलाल कर्ण, विष्णुधारीलाल कर्ण, प्रमोदलाल कर्ण, जयप्रकाशलाल कर्ण, हरिनारायणलाल कर्ण, अमलेशलाल कर्ण, चन्दन कर्ण, कञ्चन कर्ण, मञ्जु कर्ण, गङ्गापथलाल कर्णलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण योगेन्द्रलाल कर्ण र अनन्तलाल कर्ण र स्वागत जयप्रकाशलाल कर्णले गरेका थिए।

### रानीघाट–पोखरिया बस समिति

| | |
|---|---|
| भिस्वा– | बिहान ७:४० बजे |
| भिस्वा– | बिहान १०:०० बजे |
| भिस्वा– | मध्याहृन १२:०० बजे |
| भिस्वा– | दिउँसो १:३० बजे |
| दसौता– | दिउँसो २:३० बजे |
| सेढवा– | दिउँसो ३ बजे |
| देउरिया– | दिउँसो ३:१५ बजे |
| भिस्वा– | दिउँसो: ३:४० बजे |

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | शत्रुभय | वृष | चोरभय |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | कान्तिक्षय | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | कर्मप्राप्ति | मकर | राज्यभय |
| कुम्भ | वादविवाद | मीन | यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### हार्दिक समवेदना



जन्मः २०५८/३/१२

स्वर्गारोहणः २०८१/७/१७

स्व. राहुल साह कानू

यस कार्यालयका सहकर्मी जीतपुरसिमरा उपमहानगरपालिका–११ निवासी **राहुलसाह कानू**को यही कातिक १७ गते सवारी दुर्घटनामा परी दुःखद निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दछौं। दिवङ्गत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै शोकाकूल परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सहयात्री समाज नेपाल, पर्सा परिवार**

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



लक्ष्मीपूजाको दिन बिहीवार केराको बोट बिक्रीपछि सडकमै जथाभावी फालिएका फोहरहरू । तस्वीरः नितेश कर्ण

# छठ पूजाको अवसरमा साडी, पूजा सामग्री वितरण



तस्वीरः सौजन्य



प्रस, वीरगंज १९ कार्तिक/

समाजसेवी राजेश वर्णवालले छठपूजाको अवसरमा विन्ध्यवासिनी गाउँपालिका–५ भेलाहा टोलमा साडी वितरण गरेका छन् ।

कार्यक्रममा बोल्दै वर्णवालले विपन्न परिवारले पनि छठपर्व मनाउन सकून् भनेर साडी वितरण गरेको बताए ।

नेपाली काङ्ग्रेसका गाउँ एकाइ समिति अध्यक्ष विवेक चौरसियाले समाजसेवी वर्णवालले निजी खर्चबाट छठव्रत गर्ने गरीबहरूलाई साडी वितरण गरेकोमा धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा वडासदस्य हरिन्द्र मुखिया, उपनिवेश चौरसिया, छठुलाल चौरसियालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण कपडा बैंकका अध्यक्ष लालबाबू सिंहले गरेका थिए ।

यसैगरी, लायन्स क्लब अफ वीरगंज कुटुम्बले त्रिशूलचोकमा साडी वितरण गरेको छ । विपन्न परिवारका ६५ जना महिलालाई साडीलगायत सामग्री वितरण गरेको कुटुम्बकी अध्यक्ष रिना रौनियारले बताइन् । कार्यक्रममा भाइस डिस्ट्रिक गभर्नर लायन्स रामबिहारी पाण्डे, एरिया चिफ लायन्स श्याम गुप्ता, लायन्स बिजया ओझैया, लायन्स सङ्गीता प्याकुरेल, लायन्स श्वेता क्षत्री, लायन्स रचना प्याकुरेल, लायन्स प्रीति रौनियारलगायतको सहभागिता थियो ।



यसैगरी ग्रीन सिटी सामुदायिक सेवा केन्द्र र रूँगटा वेयल फेयर सोसाइटी वीरगंजले वीरगंज कारागारका कैदीबन्दीलाई साडी तथा पीठो वितरण गरेको छ ।

सोसाइटीका अध्यक्ष सुरेश रूँगटा र केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले वीरगंज कारागारमा रहेका कैदीबन्दीहरूलाई ३२० थान साडी, पीठो १२० किलो ग्राम वितरण गरेका थिए ।

कार्यक्रममा सशस्त्र प्रहरी नायब उपरीक्षक प्रकाश पौडेल, प्रहरी निरीक्षकत्रय रमेशकुमार तिमल्सिना, निरोज चौलागाई, लोकराज भट्ट, वीरगंज कारागारका शाखा अधिकृत विनय श्रीवास्तवलगायतको सहभागिता थियो ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## नरेश श्रेष्ठ स्मृति क्रिकेट : सुदूरपश्चिम र कर्णाली विजयी

विराटनगर, १९ कात्तिक/रासस

विराटनगरमा जारी नरेश श्रेष्ठ स्मृति वाईवाई पुरुष यु–१९ राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश आआफ्नो खेलमा विजयी भएका छन् । मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई १२३ रनले तथा बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा भएको खेलमा कर्णालीले मधेस प्रदेशलाई ४७ रनले पराजित गरेको हो ।

मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ५० ओभरको खेलमा ४७.४ ओभरमा सबै विकेट गुमाएर १८३ रन बनायो । सुदूरका लागि सुवराज खत्रीले ४४ रन, अभिषेक थापाले ३७ र नरेन भट्टले २४ रन बनाए । बलिङतर्फ कोशीका सौजन घिमिरेले चार तथा विपिन महतोले दुई विकेट लिए । १८४ रनको विजयी लक्ष्य पाएको कोशीले २२.३ ओभरमा सबै विकेट गुमाउँदै मात्र ६० रन बनायो । कोशीका लागि सौजन घिमिरेले २६ तथा आशिष मगरले १३ रन बनाए । बलिङतर्फ सुदूरपश्चिमका लागि सचिन भट्टले पाँच तथा नरेन भट्टले चार विकेट लिए ।

यस्तै अर्को खेलमा टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित ५० ओभरको खेलमा ४५ ओभरमा सबै विकेट गुमाई १३३ रनको योगफल बनायो । कर्णालीका लागि हीरालाल चनराले ४५, मनीष थापाले २२ रन र युनिस ठकुरीले २१ रनको योगदान दिए । बलिङतर्फ मधेसका राजेश यादवले चार तथा अफ्रूद्दिन रैनले तीन विकेट लिए ।

१३४ रनको लक्ष्य पाएको मधेसले २७.२ ओभरमा सबै विकेट गुमाएर ८६ रन मात्र बनायो । मधेसका लागि मयन यादवले १५ र जितेश मण्डलले १३ रन बनाए ।

बलिङतर्फ कर्णालीका विपिन शर्माले चार तथा युनिस ठकुरीले तीन विकेट लिए । कर्णाली दुई अङ्कका साथ अन्तिम स्थानमा तथा मधेस प्रदेश चार अङ्कका साथ पाँचौ स्थानमा छ । मङ्गलवार बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा लुम्बिनी र मधेस प्रदेशबीच तथा मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा बागमती र कर्णाली प्रदेशबीच खेल हुनेछ ।

# दुग्धेश्वर महादेव मन्दिर सौन्दर्यीकरण गर्न ज्ञापन



तस्वीरः सौजन्य

प्रस, वीरगंज १९ कार्तिक/

दुग्धेश्वर महादेव मन्दिर मेला समितिले खानेपानीमन्त्री प्रदीप यादवलाई ज्ञापनपत्र बुझाउँदै पटेर्वासुगौली गाउँपालिकास्थित प्रसिद्ध दुग्धेश्वर महादेव भाथा मन्दिर व्यवस्थापनको लागि आग्रह गरेको छ ।

जसपाका नेता दीपक यादव र मेला समितिका पदाधिकारीहरूले मन्त्री यादवको घरमा गएर ज्ञापनपत्र बुझाएको हो । भाथा धाममा आउने तीर्थालुहरूलाई राति सुत्न, वास बस्न, स्वच्छ खानेपानी, व्यवस्थित शौचालयको अभावले मेला भर्न आउने भक्तजनलाई समस्या हुँदै आएको भन्दै सोको समाधानको लागि पहल गर्न आग्रह गरेका थिए ।

मन्त्री यादवले छठ पर्वलगत्तै भाथाधाममा प्राविधिक टोली पठाएर आवश्यक पूर्वाधारबारे योजना तयार गर्न लगाउने प्रतिबद्धता जाहेर गरेका थिए । टोलीमा जसपाका केन्द्रीय सदस्य मोहनलाल चौधरी, पूर्व प्रदेशसभा सदस्य प्रह्लाद गिरी र जन्नत अंसारी, वडाध्यक्ष फरमान अन्सारीलगायतको सहभागिता थियो ।

# खानेपानी मन्त्रीद्वारा कारागारको निरीक्षण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १९ कात्तिक/

खानेपानी मन्त्री प्रदीप यादवले वीरगंज कारागारको निरीक्षण गर्दै कैदीबन्दीले भोगिरहेका समस्याबारे जानकारी लिएका छन् ।

शनिवार मन्त्री यादवले कारागारमा उनीहरूले प्रयोग गर्ने शौचालय, विद्युत्, र खानेपानीलगायतका समस्याबारे जानकारी लिएका थिए ।

उनले समाजका हरेक नागरिकलाई आधारभूत सुविधा र सम्मानजनक वातावरण प्रदान गर्नु राज्यको दायित्व रहेको बताए । मन्त्री यादवले महिला कैदीहरूका लागि शौचालय तथा अन्य पूर्वाधारहरूको सुधार, जीर्णोद्धार र व्यवस्थित खानेपानीको व्यवस्था सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका थिए ।

कार्यक्रममा नगर प्रमुख राजेशमान सिंह, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेललगायतको सहभागिता थियो ।

# सामूहिक भाइटीका कार्यक्रम



तस्वीरः सौजन्य

प्रस, वीरगंज १९ कात्तिक/

भाइटीकाको दिन आइतवार गहवामााई मन्दिर अगाडिको माईस्थान पार्कमा सामूहिक भाइटीका कार्यक्रम सम्पन्न भएको छ ।

न्युज २४ टेलिभिजनको आयोजनामा भएको सामूहिक भाइटीका कार्यक्रममा पहाडी, भोजपुरी, मारवाडी, मैथिली र थारू समुदायका महिला दिदीबहिनीहरूबाट दाजुभाइहरूलाई टीका लगाउने कार्यक्रम सम्पन्न भएको थियो ।

मन्त्री अजय चौरसिया, सांसद प्रभु हजरा, पूर्वमन्त्री जीतेन्द्र सोनल, प्रदेशसभा सदस्य श्याम पटेल, वीरगंज महानगरका सदभावनादूत अशोक बैद, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ता, प्रदेश अध्यक्ष अशोक टेमानी, पूर्वअध्यक्ष गणेश लाठ, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल, नेपाली काङ्ग्रेसका रामनारायण कुर्मी, महम्मद सहाबुद्दीन, राष्ट्रिय मुक्ति मोर्चाका निजामुद्दीन समानी, जनमत पार्टीका ओमप्रकाश सर्राफ, समाजसेवी सुरेश रुँगटा, प्रकाश खेतान, प्रकाश थारु, कमल चौगाइलगायतले सबै समुदायका दिदीबहिनीहरूसँग टीका ग्रहण गरेका थिए ।

सो अवसरमा उनीहरूले सामूहिक भाइटीका कार्यक्रम आयोजना गरेर धर्म संस्कृतिको जगेर्ना गर्नुका साथै समाजमा भाइचाराको सम्बन्ध स्थापित गराउने काम भएको बताए । कार्यक्रमको सहजीकरण न्युज २४ टेलिभिजनका प्रमुख राजु श्रेष्ठले गरेका थिए ।


## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा–

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महीनासम्म कैद वा ३० हजारसम्म जरिवाना,
- दोस्रोपटकमा एक वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना,
- त्यसपछि हरेकपटक थप तीन महीनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कारबाहीबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड